# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाण्डौ

मितिः २०७३।०५।२७ गते

# प्रेस विज्ञप्ति

## विषयः आरोपपत्र दायर गरीएको ।

---

प्रहरी प्रधान कार्यालय अन्तर्गतका प्र.ना.नि. कुन्दन पौडेलले प्रहरी सहायक निरीक्षक पदमा नियुक्ति पाउने उद्देश्यले झुठ्ठा शैक्षिक योग्यताको प्रमाण पत्र पेश गरेको भनि परेको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज महानगरीय प्रहरी वृत, महाराजगञ्जमा कार्यरत प्र.ना.नि. कुन्दन पौडेलले २०५८ सालमा प्र.स.नि. पदमा शुरु नियुक्ति हुने उदेश्यले माध्यमिक शिक्षा परिषद, भारतबाट सन् १९९३ सालमा हाईस्कूल परिक्षा पास गरेको र सन् १९९६ मा माध्यमिक शिक्षा परिषद, भारतबाट इन्टरमिडियट परीक्षा पास गरेको झुठ्ठा शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरेको कुरा अनुसन्धानबाट पुष्टी भएकोले निज प्र.ना.नि. कुन्दन पौडेलले राष्ट्र सेवक प्र.स.नि. पदमा शुरु नियुक्ती एवम् वहाल भै बढुवा समेतको लाभ सुविधा लिने उदेश्यले नक्कली एवं झुठ्ठा शैक्षिक योग्यताको प्रमाण-पत्रहरु पेश गरेको र बढुवा समेत भएको पुष्टी हुन आई निज प्र.ना.नि. कुन्दन पौडेलले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको कसूर गरेको देखिन आएको हुँदा निज प्र.ना.नि. कुन्दन पौडेललाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९(२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवम् सूचना अधिकारी